मिति:-२०८१/०६/१०

समयः- विहान ८ वजे

स्थानः- आठविसकोट नगर कार्यपलिकाको बैठक कक्ष

आठविसकोट नगरपालिकाको ९८ औं नगर कार्यपालिकाको आपत्कालिन बैठक नगर प्रमुख श्री रवि के.सी.को अध्यक्षता र तपसिल बमोजिमका सदस्यहरुको उपस्थितिमा वस्यो । उक्त बैठकका प्रस्तावहरु र निर्णयहरु देहाय बमोजिम रहेका छन् ।

| हस्ताक्षर | क्र.सं. | पदाधिकारीहरुको नाम, थर | पद | कैफियत |
|---|---|---|---|---|
| | १ | श्री रवि के.सी. | नगर प्रमुख | |
| | २ | श्री धन कुमारी शाही | नगर उप प्रमुख | |
| | ३ | श्री राजेश गौतम | नि.प्रमुख प्रशासकीय अधिकृत | |
| | ४ | श्री देव वहादुर घर्ती | १ नं. वडा अध्यक्ष | |
| | ५ | श्री देव वहादुर यरी | २ नं. वडा अध्यक्ष | |
| | ६ | श्री केशरमान वि.क. | ३ नं. वडा अध्यक्ष | |
| | ७ | श्री नरसिं विष्ट | ४ नं. वडा अध्यक्ष | |
| | ८ | श्री घनश्याम भण्डारी | ५ नं. वडा अध्यक्ष | |
| | ९ | श्री धनेश्वर शर्मा | ६ नं. वडा अध्यक्ष | |
| | १० | श्री अमृत वुढा | ७ नं. वडा अध्यक्ष | |
| | ११ | श्री खकेन्द्र वि.क. | ८ नं. वडा अध्यक्ष | |
| | १२ | श्री जनक वहादुर वटालां | ९ नं. वडा अध्यक्ष | |
| | १३ | श्री गणेश कुमार शाह | १० नं. वडा अध्यक्ष | |
| | १४ | श्री प्रेम वहादुर पुन | ११ नं. वडा अध्यक्ष | |
| | १५ | श्री खुम्मे कुसारी | १२ नं. वडा अध्यक्ष | |
| | १६ | श्री टेक वहादुर थापा | १३ नं. वडा अध्यक्ष | |
| | १७ | श्री हुकुम वहादुर पुन | १४ नं. वडा अध्यक्ष | |
| | १८ | श्री हिरा थापा | कार्यपालिका सदस्य | |
| | १९ | श्री सेतु थापा | कार्यपालिका सदस्य | |
| | २० | श्री कृष्णा घर्ती | कार्यपालिका सदस्य | |
| | २१ | श्री नन्द कुमारी आग्री | कार्यपालिका सदस्य | |
| | २२ | श्री सदिक्षा मल्ल | कार्यपालिका सदस्य | |
| | २३ | श्री यज्ञ वहादुर वि.क. | कार्यपालिका सदस्य | |
| | २४ | श्री सर्जन कामी | कार्यपालिका सदस्य | |
| | २५ | श्री रत्ने कामी | कार्यपालिका सदस्य | |
| | २६ | श्री कमल भट्टराइ | रोजगार संयोजक | |
| | २७ | श्री निराजन ओली | प्रशासन सहायक पाँचौ | |
| | २८ | श्री मानबहादुर वटाला | एम.आइ.एस. अपरेटर | |
| | २९ | श्री तस्वीर परियार | कास | |

Scanned with CamScanner

आठविसकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
आठविसकोट, रुकुम (पश्चिम),
कर्णाली प्रदेश, नेपाल
२०७३

## ९९ औं नगर कार्यपालिका बैठक (मिति २०८१/०६/१० गते)का निर्णयहरु :-

१. यस आठविसकोट नगरपालिका लगाएत रुकुम पश्चिम जिल्लाका सवै स्थानीय तहहरु, जिल्ला समन्वय समिति रुकुम पश्चिम र नेपाल सरकार अर्थ मन्त्रालयको संस्थापक शेयर लगानी भइ स्थापना भएको स्यार्पु पावर कम्पनी लिमिटेडमा शेयर वापत रु १ करोड ५० लाख लगानी गर्ने।

२. यस आठविसकोट नगरपालिका लगाएत रुकुम पश्चिम जिल्लाका सवै स्थानीय तहहरु, जिल्ला समन्वय समिति रुकुम पश्चिम र नेपाल सरकार अर्थ मन्त्रालयको संस्थापक शेयर लगानी भइ स्थापना भएको स्यार्पु पावर कम्पनी लिमिटेडमा सहायक कम्पनी स्यार्पु कृषि कम्पनी लिमिटेडले निर्माण गरिरहेको ४० हजारलिटर क्षमताको डेरी उद्योगमा यस नगरपालिकाको शेयर वापत रु १ करोड लगानी गर्ने।

३. यस आठविसकोट नगरपालिका रुकुम पश्चिम र कर्णाली वेवरेज इन्डष्ट्रिज प्रा.लि. आठविसकोट नगरपालिका-१२, रुकुम पश्चिमको साझेदारीमा संचालित वाइन उद्योग, पानी उद्योग र कोल्ड स्टोर संचालनको जिम्मेवारी लिएको कर्णाली वेवरेज इन्डष्ट्रिज प्रा.लि. आठविसकोट नगरपालिका-१२, रुकुम पश्चिमको मिति २०८१/०५/२१ गतेको साधारण सभाबाट पारित निर्णय र मिति २०८१/०५/२६ गतेको प्राप्त पत्रानुसार उद्योगहरु संचालन तथा व्यवस्थापन गर्न तेस्रो पक्षलाई लिजमा दिने कार्यका लागि कर्णाली वेवरेज इन्डष्ट्रिज प्रा.लि. आठविसकोट नगरपालिका-१२, रुकुम पश्चिमलाई सहमती दिने।

४. यस आठविसकोट नगरपालिका वडा नं. ११ को डाँडागाउँ सामुदायिक स्वास्थ्य इकाई र शहरी स्वास्थ्य केन्द्र गत्तसैनाको भवन निर्माणको लागि जग्गा खरिद प्रक्रिया अगाडि वढाउने।

५. यस आठविसकोट नगरपालिकाको खानेपानी आयोजनाहरु निर्माण गर्न सहजिकरणको लागि बनेको **जलस्रोत तथा मुहान दर्ता कार्यविधि, २०८१** स्वीकृत गर्ने।

६. यस आठविसकोट नगरपालिका वडा नं. ९ मा रहेको **आठविसकोट बचत तथा ऋण सहकारी संस्थामा** देखा परेका विभिन्न समस्याहरुको अध्ययन गरी १ महिना भित्र नगर कार्यपालिकामा प्रतिवेदन पेश गर्ने गरी देहाय बमोजिमको अध्ययन समिति गठन गर्ने।

| | |
|---|---|
| (क) श्री देव वहादुर घर्ती | - संयोजक |
| (ख) श्री सदिक्षा मल्ल | - सदस्य |
| (ग) श्री रत्न वहादुर परियार | - सदस्य सचिव |

७. आठविसकोट नगरपालिकामा अलपत्र रहेका खानेपानी तथा विद्युतका आयोजनाहरुलाई सथाशिघ्र संचालनको लागि जिल्ला खानेपानी, सिंचाई तथा जर्जा विकास कार्यालय, रुकुम पश्चिम र नेपाल विद्युत प्राधिकरण, रुकुम पश्चिम वितरण केन्द्रलाई अनुरोध गर्ने।

८. यस आठविसकोट नगरपालिकामा रहेको अच्यालोन स्थिर ए.जि. चर्च आठविसकोट नगरपालिका-९, रुकुम पश्चिमलाई शौचालय र भवन फिनिसिङ्ग गर्न कार्यदेश दिने।

Scanned with CamScanner

९. श्री गोरखनाथ आधारभूत विद्यालय पाटागाउँ, आठविसकोट नगरपालिका-३, रुकुम पश्चिममा प्रा.वि. तह तृतीय श्रेणी स्थायी शिक्षक पदमा कार्यरत श्री महिमा पुन मगरलाई दुवै विद्यालय व्यवस्थापन समितिको निर्णयको आधारमा श्री सृजना आधारभूत विद्यालय पिपलचौर, आठविसकोट नगरपालिका-१४, रुकुम पश्चिममा सरुवा गर्ने ।

१०. श्री जनता माध्यमिक विद्यालय झिन्चौर, आठविसकोट नगरपालिका-१०, रुकुम पश्चिममा प्रा.वि. तह द्वितीय श्रेणी स्थायी शिक्षक पदमा कार्यरत श्री मुक्ति प्रसाद रिजाल र श्री सरस्वती आधारभूत विद्यालय फलाँटे, आठविसकोट नगरपालिका-१०, रुकुम पश्चिममा प्रा.वि. तह राहत शिक्षक पदमा कार्यरत श्री खिमला खनाल वस्नेतलाई श्री शहिद स्मृति दिपज्योती नमूना माध्यमिक विद्यालय राडी, आठविसकोट नगरपालिका-९, रुकुम पश्चिममा काज सरुवा गर्ने ।

११. यस आठविसकोट नगरपालिकाको वडा नं. १० मा रहेको श्री जनता माध्यमिक विद्यालय झिन्चौरमा विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार शिक्षा संकाय पठनपाठनको लागि अनुमति दिने ।

१२. श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय गत्तसैना, आठविसकोट नगरपालिका-११, रुकुम पश्चिमको विद्यालय भवन निर्माणको लागि जग्गा अभाव भएको र खेल मैदान समेत नभएकोले खेल मैदान निर्माणको लागि प्रदेश तथा संघीय सरकारसंग अनुरोध गर्ने ।

१३. सुरक्षित गर्वपतन सेवा कार्यक्रम व्यवस्थापन निर्देशिका, २०७८ अनुसार त्यस स्वास्थ्य संस्थाले सम्पूर्ण प्रक्रिया पुरा गरी तालिम प्राप्त स्वास्थ्यकर्मी सुचिकृत, आवश्यक उपकरणको व्यवस्थापन र स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिबाट समेत सुचिकृत गर्न स्वीकृत माग गर्ने निर्णय भई आएको हुँदा गोतामकोट स्वास्थ्य चौकीलाई औषधिको प्रयोगद्धारा गरिने सुरक्षित गर्भपतन (एम.ए.) सेवा सुचिकरण गर्ने ।

१४. आठविसकोट नगर अस्पतालबाट निस्कने जोखिमयुक्त स्वास्थ्य संस्थाजन्य फोहरमैलाको निष्काशन तथा व्यवस्थापन र विसर्जन गर्न उपयुक्त स्थान छनौट गरी संरचना निर्माण गर्ने ।

१५. मिति २०८०/०७/१७ गते जाजरकोट जिल्लाको रामिडाँडा केन्द्र बिन्दु बनाई गएको विनाशकारी भुकम्पबाट क्षति भएका स्वास्थ्य संस्थाहरुको पुनःनिर्माणमा तपसिल बमोजिम हुने गरी प्राथमिकता गर्ने ।

| क्र.सं. | स्वास्थ्य संस्थाको नाम | क्षतिको अवस्था | प्राथमिकता |
|---|---|---|---|
| १ | आठविसकोट डाँडागाउँ स्वास्थ्य चौकी, आठविसकोट नगरपालिका-११, रुकुम पश्चिम | आंशिक क्षति | १ |

राजेश गौतम
२०८०/०८/१०
नि.प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| २ | शहरी स्वास्थ्य केन्द्र बाँकेज्यूला, आठविसकोट नगरपालिका-१४, रुकुम पश्चिम | आंशिक क्षति | २ |
| ३ | सहरी स्वास्थ्य केन्द्र स्यानीबार्खु, आठविसकोट नगरपालिका-१२, रुकुम पश्चिम। | आंशिक | ३ |
| ४ | गोतामकोट स्वास्थ्य चौकी, आठविसकोट नगरपालिका-१४, रुकुम पश्चिम। | आंशिक | ४ |
| ५ | सहरी स्वास्थ्य केन्द्र झिन्चौर, आठविसकोट नगरपालिका-१०, रुकुम पश्चिम। | आंशिक | ५ |
| ६ | आधारभूत स्वास्थ्य सेवा केन्द्र खेत बर्थिङ् सेन्टर, आठविसकोट नगरपालिका-१, रुकुप पश्चिम। | आंशिक | ६ |
| ७ | सहरी स्वास्थ्य केन्द्र कोट, आठविसकोट नगरपालिका-१०, रुकुम पश्चिम। | आंशिक | ७ |

१६. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.व. २०८१/०८२ मा कामका लागि पारिश्रमिकमा आधारित आयोजना कार्यान्वयनको लागि वडामा सुचिकृत बेरोजगार संख्याको आधारमा अनुसुचि १ बमोजिम बजेट विनियोजन गर्ने।

१७. मिति २०८१/०४/११ गते यस आठविसकोट नगरपालिका वडा नं. ११ निवासी सुरज वहादुर दमाईको छोरी दिक्साह परियारको आर्थिक अवस्था कमोजोर भएको र निजको उपचारको क्रममा नगर अस्पतालमा मृत्यु भएकोले मृतक परिवारलाई क्रिया खर्च र शव व्यवस्थापन खर्च वापत रु ८२०००।– (अक्षेरुपी बयासी हजार) उपयुक्त शिर्षकबाट भुक्तानी दिने।

१८. मिति २०८१/३/३१ गते राती आएको अविरल वर्षाको कारण आठविसकोट नगरपालिका वडा नं.१२ को झिन्चौर खोला र तातोपानी खोलाको बाढीले वस्ती बगाउदा उक्त ठाउँमा उद्दारको लागि खटिएका नगर प्रहरी सहायक निरीक्षक श्री टोप वहादुर ओलीलाई रु १,२५,०००।– (एक लाख पच्चिस हजार) र घरबाट कार्यालय आउदै गर्दा यस आठविसकोट नगरपालिकामा कार्यरत प्रशासन सहायक पाँचौ तहका श्री प्रकाश ठाकुरलाई रु १,२५,०००।– (एक लाख पच्चिस हजार) उपचार खर्च उपयुक्त शिर्षकबाट भुक्तानी दिने।

आजको बैठक सौहार्दपूर्ण वातावारणमा सम्पन्न भयो।

राजेश गौतम
नि.प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

## प्रधानमन्त्री रोजगार कार्यक्रम आ.व. २०८१/८२ मा कामका लागि पारिश्रमिकमा आधारित आयोजना कार्यान्वयनको लागि वडामा सुचिकृत वेरोजगार संख्याको आधारमा वडामा विनियोजन गरिएको बजेटको विवरण :

| क्र.स. | वडा नं. | वडामा सुचिकृत वेरोजगारको संख्या (जना) | न्युनतम बजेट रु | सुचिकृत वेरोजगार व्यक्तिको संख्याको आधारमा प्राप्त हुने रकम रु | १०० दिन बराबरको रोजगारी प्राप्तिको लागि कुल विनियोजित रकम रु | १०० दिन बराबरको रोजगारी प्राप्त गर्ने अधिकतम वेरोजगार व्यक्तिको संख्या(जना) | कैफियत (प्रति दिन प्रति श्रमिक ज्याला दर रु ६६८।- (छ सय अठसठ्ठी मात्र) |
|---|---|---|---|---|---|---|---|
| १ | १ | २८७ | २००,०००.०० | ११३,४३८.७४ | ३१३,४३८.७४ | ५ | |
| २ | २ | १३२ | २००,०००.०० | ५२,१७३.९१ | २५२,१७३.९१ | ४ | |
| ३ | ३ | ११३ | २००,०००.०० | ४४,६६४.०३ | २४४,६६४.०३ | ४ | |
| ४ | ४ | १३७ | २००,०००.०० | ५४,१५०.२० | २५४,१५०.२० | ४ | |
| ५ | ५ | ११४ | २००,०००.०० | ४५,०५९.२९ | २४५,०५९.२९ | ४ | |
| ६ | ६ | १२० | २००,०००.०० | ४७,४३०.८३ | २४७,४३०.८३ | ४ | |
| ७ | ७ | २२१ | २००,०००.०० | ८७,३५१.७८ | २८७,३५१.७८ | ४ | |
| ८ | ८ | ३११ | २००,०००.०० | १२२,९२४.९० | ३२२,९२४.९० | ५ | |
| ९ | ९ | २५५ | २००,०००.०० | १००,७९०.५१ | ३००,७९०.५१ | ५ | |
| १० | १० | ३२० | २००,०००.०० | १२६,४८२.२१ | ३२६,४८२.२१ | ५ | |
| ११ | ११ | ३२४ | २००,०००.०० | १२८,०६३.२४ | ३२८,०६३.२४ | ५ | |
| १२ | १२ | १८० | २००,०००.०० | ७१,१४६.२५ | २७१,१४६.२५ | ४ | |
| १३ | १३ | १५७ | २००,०००.०० | ६२,०५५.३४ | २६२,०५५.३४ | ४ | |
| १४ | १४ | ११२ | २००,०००.०० | ४४,२६८.७७ | २४४,२६८.७७ | ४ | |
| १५ | जम्मा | २७८३ | २,८००,०००.०० | १,१००,०००.०० | ३,९००,०००.०० | ५८ | |

तयार गर्ने
कमल भट्टराई
रोजगार संयोजक

प्रमाणित गर्ने
राजेश गौतम
नि प्रमुख प्रशासकीय अधिकृत

२०८१।०८।१०

राजेश गौतम
नि.प्रमुख प्रशासकीय अधिकृत